नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर

मिति: २०७९/०४/२३

# प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमय अपचलनसम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा मिति २०७९/०४/२३ मा दायर गरिएको ।

**१. अभियुक्तको विवरण:**

- ककनी-३, नुवाकोट स्थायी वतन भएका नवराज ढुङ्गाना
- ककनी-३, नुवाकोट स्थायी वतन भई शिव सर्भिस एण्ड मल्टिपर्पोज प्रा.लि. (स्थायी लेखा नम्बर ६१०००२३६), बालाजुका सञ्चालक फणिन्द्रप्रसाद ढुङ्गाना
- भीरकोटगढी-११, नुवाकोट स्थायी वतन भई हाल काठमाडौं महानगरपालिका वडा नम्बर ३६ म्हैपी बस्ने, सुवास क्यासमिर कलेक्शन (स्थायी लेखा नम्बर ६०९३५२२६९) का प्रोप्राईटर सुवास जङ्ग पाण्डे
- ककनी-३, नुवाकोट स्थायी वतन भई हाल जापान बस्ने भनिएका प्रज्वल ढुङ्गाना

**२. कसूरको संक्षिप्त विवरण:**

विशेष सूचनाको आधारमा महानगरीय प्रहरी कार्यालय रानीपोखरी र महानगरीय प्रहरी वृत्त, बालाजु, काठमाडौंको संयुक्त टोलीले जिल्ला नुवाकोट ककनी गाउँपालिका वडा नम्बर ३ स्थायी वतन भएका नवराज ढुङ्गानालाई स्रोत नखुलेको नेपाली रु ६९,९९,०००/- (उनान्सत्तरी लाख उनान्सय हजार रूपैयाँ) सहित पक्राउ गरी प्रहरी प्रतिवेदन सहित थप अनुसन्धानका लागि यस विभागमा दाखिला भएको ।

खानतलासी तथा वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीहरुको वयान, बुझिएका ब्यक्तिहरुले गरिदिएको कागज, खानतलासी तथा बरामदी गर्ने प्रहरी कर्मचारीहरुले गरिदिएको कागज, कल डिटेल्स रेकर्ड, समेतवाट उक्त रकमका सम्वन्धमा अनुसन्धान तथा तहकीकात हुँदा अवैध हुण्डी कारोवार गरेको रकम नेपाली रुपैया रु.६९,९९,०००/०० (अक्षेरेपी उनान्सत्तरी लाख मात्र) जापानमा रहेका भनिएका प्रज्वल ढुंङगानाले सुवास जङग पाण्डेलाई भने मुताविक सुवास जङग पाण्डेले नवराज र फणिन्द्रलाई वरामदित उक्त रकम उपलब्ध गराएको देखिएको । अनुसन्धानको क्रममा प्रतिवादीहरूले बरामदीत रकमलाई पुष्टि तथा प्रमाणित गर्ने कागजात पेश गर्न नसकेको, विदेशी विनिमय कारोवार गर्न ईजाजतपत्र नलिएको, प्रतिवादीहरूले नेपालमा आउनुपर्ने विदेशी मुद्रा विदेशमै राखी वरामद भएको नेपाली रुपैया वरावरको विदेशी मुद्राको अवैध कारोवार गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३(१), ४(१), ५, ९ग(ग) तथा १२ विपरितको कसूर गरेको देखिएको ।

**३. कायम भएको बिगो र सजायको मागदावी:**

- प्रतिवादीहरूले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३(१), ४(१), ५, ९ग(ग) तथा १२ विपरितको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरू उपर सोही ऐनको दफा १७(१) अनुसार जरिवाना हुन तथा सोही ऐनको दफा १७(१) बमोजिम बरामदीत रु.६९,९९,०००/- (अक्षरूपी उनान्सत्तरी लाख उनान्सय हजार रुपैया मात्र) जफत गरी पाउन मागदावी लिई अभियोगपत्र दायर गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**